पटेर्वा सुगौली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
२ नं. प्रदेश, नेपाल
प्रथम पटक प्रकाशित मिति २०७६।०८।३० गते

स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२ प) बमोजिम यस गाउँपालिका अन्तर्गत रहेको तपसिल बमोजिमको खोलाबाट चालु आ.ब. २०७६।०७७ जेष्ठ मसान्त सम्मको लागि निकासी हुने ढुंगा, गिट्टी, ग्रेभल तथा वालुवा विकि कर संकलन ठेक्का वन्दोवस्त बढाबढको माध्यमबाट गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको हो ।

यो सुचना प्रथम पटक प्रकाशित मितिले ३० औ दिन भित्र तपसिलमा तोकीए बमोजिमको रकम नगदै तिरी (
१. यो सुचना प्रथम पटक प्रकाशित मितिले ३० औ दिन भित्र तपसिलमा तोकीए बमोजिमको रकम नगदै तिरी ( पछि फिर्ता नहुने गरि) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. बोलपत्र फाराम खरिद गरि ३१ (एकतिसौं) औं दिन दिनको १२:०० बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी तथा आफुले कबोल गरेको अंकको ५% प्रतिशत धरौटी रकम यस कार्यालयको सानिमा वैंक, पटेर्वा सुगौलीमा रहेको धरौटी खाता नं. ०६४०००००३२५ मा नगदै दाखिला गरेको सक्कलै बैक भाउचर वा ९० दिन म्याद रहेको बैक ग्यारेन्टी संलग्न राखी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारामहरु सोही दिन अर्थात ३१ (एकतिसौं) औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः सो को भोली पल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोलीने कार्य हुनेछ ।

५. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिन्हा वा क्षतिपूर्ति सम्वन्धि कूनै शर्त स्विकार्य हुने छैन ।

६. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबोल गरेको ठेक्का रकमको ४०% प्रतिशतले हुन आउने रकम चलनपूर्जी लिने दिनमा नगदै बूझाउनु पर्नेछ । दोश्रो किस्ता वापत ३०% प्रतिशत रकम पुस मसान्त सम्म बूझाउनु पर्नेछ र अन्तिम किस्ता वापतको ३०% प्रतिशत रकम चैत्र मसान्त सम्म बूझाउनु पर्नेछ । ठेकेदारले पहिलो किस्ता बापतको कबोल अंकको ४०% प्रतिशत रकम दाखिला गरि बांकी ६०% प्रतिशत रकमको २०७७ साल श्रावण मसान्त सम्म म्याद भएको नेपाल राज्यको कुनै पनि मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स वण्ड पेश गरि सम्झौता गर्नु पर्नेछ ।

७. एकमूष्ठ कबोल अंक बूझाएमा १०% सम्म छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम् अंक भन्दा घटी हुने गरि छुट दिन सकिने छैन ।

८. कबोल अंकको १३% प्रतिशत मू.अ.कर र १.५% अग्रीम आय कर समेत यस कार्यालयमा बूझाउनु पर्नेछ ।

९. ढुगा, बालूवा, गिटी ग्रेभल निकासीमा प्रति घन फिट रू.४/(चार) का दरले निकासी गर्नूपर्ने गरी विकी कर तोकिएको छ ।

१०. वन तथा खोलानाला प्राकृतिक धार किनारालाई तथा अन्य अवस्थाहरुलाई हानी नोक्सानी हुन नपाउने गरि सार्वजनिक स्थल, पुल, सडक कल्भर्ट, कजवे आदिको तलमाथि पांच/पांच सय मिटर तथा दायां वायां पचास मिटर छाडेर मात्र Canalize गरी Cannel भित्र खोलाको अवस्था र ढुंगा, परिमाणको परिधि भित्र रही

३।२०
भजेन्द्र प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

पटेर्वा सुगौली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३

गिटी, बालुवाको deposition को मात्रा हेरी बढीमा ०.५ मिटर देखि १ मिटर सम्म मात्र गहिराई गरी बालुवा, ढुंगा, गिट्टी र ग्रेभल झिक्ने र झिकाउने बन्दोवस्त ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्नेछ । यसरी झिक्दा नदी कटान हुने क्षेत्रमा संकलन गर्न पाउने छैन । सो विपरित काम गरेमा त्यसको जवाफदेही ठेकेदार स्वयं हुनूपर्नेछ ।

११. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र दिदा कुनै किसिमको शर्तमान्य हुने छैन साथै रित नपूगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. ढुंगा, गिट्टी बालुवाको उत्खनन् तथा निकासीमा एक्साभेटर, डोजर जस्ता ठुला उपकरणहरु प्रयोग गर्न पाईने छैन ।

१३. प्रत्येक महिनाको ७ गतेभित्र ढूगां, गिट्टी बालुवा उत्खनन् ओसार/पसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टी समेत अनिवार्यरुपमा यस पटेर्वा सुगौली गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

१४. विशेष गरि बालुवा, ढूंगा, ग्रेभल आदि झिक्दा वातावरणीय संतूलनमा असर नपर्ने गरि र भु-बनौट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरि झिक्ने बन्दोवस्त ठेकेदारले मिलाउनू पर्नेछ । वातावरण संतूलन वा भु-उपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकून्जको निषेधित वन सिमाना भित्रबाट बालूवा, ढूंगा, गिट्टी ग्रेभल आदि ठेकेदारले अनूमति बेगर झिक्न पाउने छैन । वन तथा वन्य जन्तु आरक्ष र राष्ट्रिय निकून्ज सम्बन्धि कानुनको पालना गर्नु ठेकेदारको कर्त्तव्य हुनेछ ।

१५. जिल्ला अनुगमन समितिले स्वीकृत गरेको कार्यविधि र IEE रिर्पोटमा उल्लेख भएको शर्तहरुको पालना ठेकेदारले गर्नुपर्नेछ ।

१६. अन्य विस्तृत शर्तहरुको हकमा यस कार्यालयमा बुझ्न सकिने छ ।

१७. उत्खनन क्षेत्र चापी गाउँको पहुच मार्गको माथि देखी १ कि.मि. उत्तर सम्म तथा उत्खनन अवधि २०७७ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

तपसिल

| आय ठेक्का नं. | विवरण | (ढूगां,बालूवा, गिटी,ग्रेभल) जम्मा घ.फिट | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | बोलपत्र दस्तूर |
|---|---|---|---|---|
| ०१।२०७६।०७७ | गादी खोला | ११,००,९७०।०० | ४४,०३,८८०।०० | ३०००।०० |

प्रमुख प्रशासकिय अधिकृत
भुजेन्द्र प्रसाद
नि. प्रमुख प्रशासकीय अधिकृत